प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं.१

विराटनगर

## प्रादेशिक महिला सम्मेलन २०७५

## पत्रकार सम्मेलन

२०७५।११।१९

webiste मा राख्ने
२।११।७५

२०७५।११।१९

**पृष्ठभुमी**

समृद्ध प्रदेशको लक्ष्यलाई मूर्त रुप दिन महिला शसक्तिकरण अनिवार्य शर्त हो । कूल जनसंख्या ४५ लाख मध्ये २३,६८,४०७ महिलाको संख्या रहेको यस प्रदेशमा महिलाको आर्थिक,सामाजिक र राजनैतिक विकासको माध्यमबाट सबल र सक्षम महिला उत्पादन गरी सशक्तिकरण गर्नु अपरिहार्य रहेको छ ।

लैंगिक समानता प्राप्तीको लागि राष्ट्रिय अभियानमा प्रदेश सरकार,सामाजिक विकास मन्त्रालयले सक्रिय सहभागिता जनाउन प्रादेशिक महिला सम्मेलनको आयोजना गर्न लागिएको हो । अर्न्तराष्ट्रिय महासन्धिहरुको नेपाल पनि पक्ष राष्ट्र वनेर अठोट व्यक्त गरेका विषयलाई प्रादेशिक सरकारले समेत अपनत्व बोध गर्दै अघि वढ्नका लागि प्रादेशिक महिला सम्मेलन मार्फत प्रदेशको प्रादेशिक लैंगिक नीति तर्जुमा समेतका लागि मार्गदर्शन प्राप्त गर्न यस सम्मेलनको आयोजना गर्न लागिएको हो ।

**सम्मेलनको उद्धेश्यहरु**

- एक नंम्वर प्रदेशका महिलाको अवस्था एवं सवालहरुको पहिचान गर्दै लैंगिक नीति तर्जुमाका लागि सुझाव प्राप्त गर्ने ।
- स्थानीय तहहरुमा महिला शसक्तिकरण र लैंगिक मुलप्रवाहीकरण का लागि सहकार्य र समन्वय विस्तार गर्ने ।
- महिला माथि हुने हिंसा अन्त्यका लागि प्रादेशिक नीति तथा कार्ययोजना निर्माण गर्न साझा प्रतिवद्धता सहितको घोषणापत्र तयार गर्ने ।
- मुलुकी अपराध संहिता र देवानी संहिता २०७४ मा महिला हक अधिकार सम्वन्धी मुख्य मुख्य प्रावधानहरु र प्रदेश घरेलु हिंसाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,२०७५ सम्वन्धमा छलफल गर्ने ।

**कार्यक्रमको सहभागिता :**

यो कार्यक्रम प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन हुने सम्मेलन माननीय सामाजिक विकास मन्त्री श्री जीवन घिमिरे ज्यूको अध्यक्षतामा मिति २०७५।११।२१ र २२ गते आरआरएनको सभाहलमा सम्पन्न हुनेछ । उक्त कार्यक्रममा प्रदेश सभाका माननीय महिला सदस्यज्यूहरु,स्थानीय तहका महिला प्रमुख, उपप्रमुखज्यूहरु र कार्यपालिका महिला सदस्यज्यूहरु,जिल्ला समन्वय समितिका महिला उपप्रमुखज्यूहरु,महिला अधिकारकर्मीहरु(एकल महिला,महिला मानवअधिकार रक्षक सन्जाल,अपांगता भएका महिलाहरु) महिला सन्चारकर्मी,महिला कानुन व्यवसायीहरु,वुद्धिजिवी पेशाकर्मी गरि ५०० जना को सहभागिता रहनेछ ।

**कार्यक्रमको अपेक्षित उपलब्धिहरु**

- १ नं. प्रदेशका महिलाको अवस्था एवं सवालहरुको पहिचान भई लैंगिक नीति तर्जुमाका लागि सुझाव प्राप्त हुने ।
- मन्त्रालय एवं स्थानीय तहहरुको समन्वय र सहकार्यका लागि संयुक्त प्रतिवद्धता सहितको घोषणापत्र तयार हुने ।
- प्रदेश सरकारसँग यस क्षेत्रमा काम गर्ने संघ संस्था तथा व्यक्तिहरुसँगको सहकार्य विस्तार हुने

यस कार्यक्रमको लागि प्रस्तावित वजेट : रु १५लाख

प्रमुख
सामाजिक विकास महाशाखा

०७५।११।१९
सचिव